# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, कात्तिक १३ गते २०४९ साल (अतिरिक्ताङ्क ३८


## भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं २६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

### शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "शिक्षा (पाँचौं संशोधन) ऐन, २०४९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. शिक्षा ऐन, २०२८ को प्रस्तावनामा संशोधन : शिक्षा ऐन, २०२८ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छः-

"प्रस्तावना : राष्ट्रिय विकासको लागि चाहिने जनशक्ति तयार गर्न बहुदलीय प्रजातान्त्रिक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न अधिराज्य भरमा स्थापना हुने तथा स्थापना भई सञ्चालन भैरहेका विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले",

३. मूल ऐनको दफा २ मा संशोधन : मूल ऐनको दफा २ को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) "निम्न माध्यमिक शिक्षा" भन्नाले कक्षा छ देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ।"



४०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा दश सम्म दिइने शिक्षा सम्झनु पर्छ।"

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) "विद्यालय" भन्नाले खण्ड (क) बमोजिमको विद्यालय र खण्ड (ख), (ख१), (घ) र (घ१) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ।"

(४) खण्ड (ङ) पछि देहायका खण्ड (ङ१), (ङ२) र (ङ३) थपिएका छन्:-

"(ङ१) "प्राथमिक विद्यालय" भन्नाले खण्ड (ख) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ङ२) "निम्न माध्यमिक विद्यालय" भन्नाले खण्ड (ख) र (ख१) वा खण्ड (ख१) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ।

(ङ३) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (ख), (ख१) र (घ) वा खण्ड (ख१) र (घ) वा खण्ड (घ) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ।"

(५) खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ठ) "निजी क्षेत्रको विद्यालय" भन्नाले श्री ५ को सरकारबाट अनुदान नलिने गरी स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।"

४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ मा रहेका "प्राथमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्ने शब्दहरू पछि "निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्ने शब्दहरू थपिएका छन्।

५. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :-

"७. शिक्षाको माध्यम : (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा हुनेछ।

तर प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि भाषा विषय सिकाउँदा पढाईको माध्यम सोही भाषा हुन सक्नेछ।"

६. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को उपदफा (२) मा रहेको "कार्यालयको" भन्ने शब्दको सट्टा "निर्देशनालयको" भन्ने शब्द राखिएको छ।

७. मूल ऐनको दफा ११ख. मा संशोधन : मूल ऐनको दफा ११ख. को सट्टा देहायको दफा ११ख. राखिएको छ :-

"११ख. शिक्षक छनौट समिति : (१) प्राथमिक तहको शिक्षक छनौटको निमित्त



४०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रत्येक जिल्लामा एक जिल्ला शिक्षक छनौट समिति रहनेछ।

(२) निम्न माध्यमिक र माध्यमिक तहको शिक्षक छनौटको निमित्त प्रत्येक विकास क्षेत्रमा एक क्षेत्रीय शिक्षक छनौट समिति रहनेछ।

(३) जिल्ला शिक्षक छनौट समिति र क्षेत्रीय शिक्षक छनौट समिति देहाय बमोजिमको हुनेछः-

(क) <u>जिल्ला शिक्षक छनौट समिति</u>

(१) जिल्ला शिक्षा अधिकारी -अध्यक्ष

(२) शिक्षाविद् मध्येबाट एकजना -सदस्य

(३) सरकारी अनुदान प्राप्त माध्यमिक विद्यालयको वरिष्ठ शिक्षकहरू मध्येबाट एकजना -सदस्य

(ख) <u>क्षेत्रीय शिक्षक छनौट समिति</u>

(१) क्षेत्रीय शिक्षा निर्देशक -अध्यक्ष

(२) शिक्षाविद्हरू मध्येबाट एकजना -सदस्य

(३) सरकारी अनुदान प्राप्त माध्यमिक विद्यालयको वरिष्ठ प्रधानाध्यापकहरू मध्येबाट एकजना -सदस्य



४०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) बमोजिमको जिल्ला शिक्षक छनौट समितिको अध्यक्ष र क्षेत्रीय शिक्षक छनौट समितिको अध्यक्ष बाहेक जिल्ला शिक्षक छनौट समितिका सदस्यहरुको मनोनयन क्षेत्रीय शिक्षा निर्देशक बाट र क्षेत्रीय शिक्षक छनौट समितिका सदस्यहरुको मनोनयन श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट गरिनेछ।

(५) उपदफा (१) र (२) बमोजिमका छनौट समितिहरुको पदावधि, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।"

८. मूल ऐनको दफा १२क. मा संशोधन : मूल ऐनको दफा १२क. को सट्टा देहायको दफा १२क. राखिएको छ :-

"१२क. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने : (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सो को आधार खोली पूर्व प्राथमिक विद्यालय र प्राथमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई जिल्ला शिक्षा अधिकारीले र निम्न माध्यमिक वा माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई क्षेत्रीय शिक्षा निर्देशकले विघटन गर्न सक्नेछ।



५१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिईनेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न पूर्व प्राथमिक विद्यालय र प्राथमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको सम्बन्धमा जिल्ला शिक्षा अधिकारीले र निम्न माध्यामिक तथा माध्यामिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको सम्बन्धमा क्षेत्रीय शिक्षा निर्देशकले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।"

९. <u>मूल ऐनको दफा १३ मा संशोधन</u> : मूल ऐनको दफा १३ को उपदफा (१) को खण्ड (क१) को सट्टा देहायको खण्ड (क१) राखिएको छः-

"(क१) जिल्ला विकास समितिबाट प्राप्त अनुदान।"

१०. <u>मूल ऐनको दफा १३क. मा संशोधन</u> : मूल ऐनको दफा १३क. को उपदफा (१) को खण्ड



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क२) को सट्टा देहायको खण्ड (क२) राखिएको छः-

"(क२) गाउँ विकास समिति वा नगरपालिकाबाट प्राप्त अनुदान।"

११. <u>मूल ऐनको दफा १९ मा संशोधन</u> : मूल ऐनको दफा १९ को उपदफा (२) को,-

(१) खण्ड (र) को सट्टा देहायको खण्ड (र) राखिएको छ :-

"(र) निजी क्षेत्रको विद्यालय सम्बन्धी।"

(२) खण्ड (र) पछि देहायको खण्ड (ल) थपिएको छ :-

"(ल) कोचिङ्ग क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा सम्बन्धी ।"

१२. <u>रूपान्तर</u> : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको ठाउँ ठाउँमा प्रयोग भएका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखि रूपान्तर गरिएको छः-

(१) "क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय" को सट्टा "क्षेत्रीय शिक्षा निर्देशनालय",

(२) "क्षेत्रीय शिक्षा निरीक्षक" को सट्टा "क्षेत्रीय शिक्षा निर्देशक",

(३) "जिल्ला शिक्षा निरीक्षकको कार्यालय" को सट्टा "जिल्ला शिक्षा कार्यालय",



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) "जिल्ला शिक्षा निरीक्षक" को सट्टा "जिल्ला शिक्षा अधिकारी",

(५) "विद्यालय सञ्चालक समिति" को सट्टा "विद्यालय व्यवस्थापन समिति",

(६) "अञ्चल अदालत" को सट्टा "पुनरावेदन अदालत" ।

लालमोहर सदर मिति २०४९।७।१३।५

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



५९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।